# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३० ] काठमाडौं, वैशाख १५ गते २०३७ साल [ अतिरिक्ताङ्क २ (क)


## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको

### सूचना

न्यायिक समिति नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट देहायका नियमहरू बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "न्यायिक समिति (पहिलो संशोधन) नियमावली, २०३७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. न्यायिक समिति नियमावली, २०२८ को नियम ६ मा संशोधन : न्यायिक समिति नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को,–

(१) उप-नियम (१) मा रहेको "रू. १,५००।– (एक हजार पाँच सय)" भन्ने शब्दहरूको सट्टा "दुइ हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

९९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (२) पछि देहायको उप-नियम (३) थपिएको छः–

"(३) श्री ५ को सरकारले सदस्यको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चय कोष कट्टा गरी सो कट्टी रकममा शत प्रतिशत थप गरी सञ्चय कोषमा जम्मा गरी दिनेछ ।"

३. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को उप-नियम (३) पछि देहायको उप-नियम ४ थपिएको छः–

"(४) सदस्यले आफ्नो पदबाट अवकाश प्राप्त गर्दा वा स्वीकृत गराई राजीनामा गर्दा निजको सञ्चित रहेको घर बिदा र बिरामी बिदाको तलब निजले सो बखतमा खाई पाई राखेको तलबका दरले एकमुष्ट पाउनेछ । बहाल छँदै मृत्यु भएकोमा पनि त्यस्तो तलब निजको परिवारको सदस्यहरूमध्ये नजीकको हकवालाले पाउनेछ ।"

४. मूल नियमावलीमा नियम ७ क. थप : मूल नियमावलीको नियम ७ पछि देहायको नियम ७ क. थपिएको छः–

"७क. उपचार खर्च : (१) सदस्य बिरामी भई उपचार गराउँदा लागेको देहायको खर्चको नब्बे प्रतिशत निजले उपचार खर्चबापत पाउनेछः–

(क) अस्पतालमा भर्ना हुँदा र अस्पतालमा उपचार गराउँदा लागेको अस्पतालको बीलबमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शनबमोजिम खरीद गरेको औषधि खर्च ।

(ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भए पनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्थामा वा अस्पतालमा भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा हेल्थ असिष्टेण्टले जाँच गर्दा लिएको फी तथा जाँच गरी लेखिदिएको प्रेस्क्रिप्शनअनुसार खरीद गरेको औषधि खर्च ।

(ग) प्लाष्टिक सर्जरीबाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बीलबमोजिमको खर्च ।

तर, साधारणतया अस्पताल भएको ठाउँमा निजी नर्सिङ्ग होममा चिरफार गरेको खर्च भने दिइने छैन ।

(घ) चश्मा, दाँत, एअरफोन आदि उपकरणको लागि श्री ५ को सरकारले समय समयमा आदेश जारी गरी तोकिदिएको हदसम्मको रकमको लागेको बिलबमोजिमको खर्च ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकमा दुइ सय रूपैयाँभन्दा घटी खर्च भएकोमा उपचार खर्च दिइने छैन र कूल सेवा अवधि-भर सदस्यले पाउने नौ महीनाको पारिश्रमिकभन्दा बढी रकमको उपचार खर्च दिइने छैन ।

(३) नेपाल अधिराज्यभित्र औषधि उपचार हुन नसक्ने भनी श्री ५ को सरकार-द्वारा नियुक्त चिकित्सकहरूको समितिले सिफारिश गरेको सदस्यले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई उप-नियम (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहराएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(४) यस नियमबमोजिम औषधि उपचार गराएबापत पाउने उपचार खर्च लिन नपाउँदै सदस्यको मृत्यु भएमा निजको परिवारका सदस्यहरूमध्ये नजीकको हकवालाले सो उपचार खर्च लिन पाउनेछ ।

(५) यस नियमबमोजिम पाउने उपचार खर्च सदस्यले पेश्कीको रूपमा लिन चाहेमा उप-नियम (२) को अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ र त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचारबापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भए जति रकम सदस्यको ६ महीनाको पारिश्रमिक-बाट किस्ताबन्दीमा कट्टी गरिनेछ । तर त्यसरी कट्टी गर्नुपर्ने रकम भुक्तानी नहुँदै सदस्यको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिह्ला हुनेछ ।

(६) सदस्य पदमा दुइ वर्षको सेवा अवधि पूरा गरिसकेको सदस्यको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा, छोरी बिरामी भएमा उप-नियम (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बिलबमोजिम भएको उपचार खर्चको रकम सदस्यले लिन पाउनेछ । त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान (डाइग्नोसिस) उल्लेख गरिएको चिकित्सकको प्रेस्क्रिप्शन पनि पेश गर्नु पर्नेछ । तर यस उप-नियमबमोजिम पाउने उपचार खर्च एक पटकमा सदस्यको एक महीनाको पारिश्रमिकभन्दा बढी हुने छैन ।

(७) सदस्यले अवकाश प्राप्त गर्दा उप-नियम (२) बमोजिम कूल सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भएजति रकमको २/३ (दुई-तिहाई) को हिसाबले हुने एकमुष्ट रकम सदस्यले अवकाश प्राप्त गरेपछि लिन पाउनेछ ।

तर अघि कुनै सरकारी सेवा गरेबापत उपचार खर्च लिइसकेको रहेछ भने निजले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउनेछ ।"

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।